नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३-४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

सूचना नं.-०१

प्रथम पटक प्रकाशित मितिः२०८१।०७।२१

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/ युवा/ फर्महरूले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात (मिति २०८१/०८/२६ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/बस्तु क्रियाकलापहरू | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | स्याङ्जा जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रूपैंया मात्र।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरूप वढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

**निवेदन साथ संलग्न कागजातहरू**

(१) कार्यक्रम संचालन सम्वन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरू (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्वन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा वयवसाय दर्ता भएको भएमा सम्वन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्वन्धी अन्य कागजातहरू।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारवाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(८) स्थानीय तहको कृषि/पशु शाखाको सिफारिस पत्र।
(९) प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संस्थाबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

द्रष्टव्यः कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम र कार्यक्रम संचालन गर्न सकिने प्राथमिकिकरण गरिएको बाली/वस्तु तथा क्रियाकलापहरूको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

थप जानकारीको लागि परियोजनाको Website: piusyangja.pmamp.gov.np फोन नं ०६३–४२४९४५, ९८५६०५०००८, ९८५६०५२९४५ मा सम्पर्क राख्न अनुरोध छ।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३-४२४९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्याः-०८१/८२

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०७।२१
सूचना नं.-०२

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुन्तला सुपरजोन अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषि समूह/कृषि सहकारी संस्था/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् (मिति२०८१।०८।२६ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइको कार्यालय स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। सूचना कार्यालयको वेबसाइट http://piusyangja.pmamp.gov.np/ मा र यस कार्यालयको सूचना पाटीमा समेत उपलब्ध छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | चैते धानको क्षेत्रफल विस्तार | १० हे. | ५० | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | चैते धानको वीउ |
| २ | कृषि औजार तथा मेसिनरी उपकरण वितरण | २५ | ५० | | |
| ३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | २० | ८५ | | |

आवश्यक कागजातहरुः

१) रु. १० को हुलाक टिकट टाँस सहितको सूचिकृत हुन पाउँ भनि तोकिएको ढाँचामा निवेदन।
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
३) समूह/सहकारी/समितिहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
४) सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
५) स्थायी लेखा नं. (PAN) प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
६) कर तिर्नु पर्ने निकायहरुको अघिल्लो आ.व. को कर तिरेको रसिद वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
७) सम्बन्धित स्थानीय तहको लागत साझेदारीको सूनिश्चितताको व्यहोरा लेखिएको सिफारिस पत्र।

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत
माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत



CamScanner